# बैजनाथ गाउपालिकाको विकास निर्माणको गुणस्तरीयता तथा सेवा सुविधाको प्रभावकारीता

## विषयक

# सार्वजनिक सुनुवाई कार्यक्रम

## २०८२ भाद्र १९ गते

## कार्यक्रम प्रगति-प्रतिवेदन




सुनुवाईको एक झलक

**आयोजक**

a}hgfy ufpkflnsf, afs

**सहजिकरण**

af; gkfn

# बैजनाथ गाउपालिकाको विकास निर्माणको गुणस्तरीयता तथा सेवा सुविधाको प्रभावकारीता

## विषयक

## सार्वजनिक सुनुवाई कार्यक्रम

## २०८२ भाद्र १९ गते

## कार्यक्रम प्रगति-प्रतिवेदन

### १. सहजिकरण गर्ने संस्थाको परिचय :

बास नेपाल विगत २५ वर्ष देखि सामाजिक रुपान्तरणका लागि क्रियाशिल गैर सरकारी संस्था हो । २०५७ मंसिर २४ गते स्थापित यो संस्था देशमा व्याप्त भ्रष्टाचार, अनियमितता, ढिलासुस्ति, घुसखोरी जस्ता बेथितिका विरुद्ध सशक्त रुपमा क्रियाशिल रहंदै आएको छ । ७७ जिल्ला शाखा, ४९ उपशाखा, २० ईकाई र ५ हजार बढी युवाहरु आबद्ध भएको यस संस्थाले असल शासन, सामाजिक जवाफदेहिता, सामाजिक सद्भाव, सामुदायिक सुरक्षा, युवा सशक्तिकरण, स्वयंसेवा, बाल अधिकार, बाल संरक्षण, लैंगिक हिँसा न्यूनिकरण, सामुदायिक सशक्तिकरण, सञ्चार र संस्थागत विकासका क्षेत्रमा काम गर्दै आईरहेकोछ । बास नेपाल भ्रष्टाचार विरुद्धको विश्वव्यापी संस्था ट्रान्सपरेन्सी ईन्टरनेशनल नेपालको आबद्ध संस्था हो ।

### २. कार्यक्रमको पृष्ठभुमि :

राज्य संचालनको गुणस्तरीयताले जनताको जीवनमा निरन्तर प्रभाव पार्दछ । लोकतन्त्रमा सरकारले नागरिकप्रति जवाफदेहि भएर उनीहरुको चित्त बुझाउनु पर्दछ। सार्वजनिक निकायमा बस्नेहरुले कस्तो काम गरिरहेका छन् भनेर नागरिकले चासो राखिरहेका हुन्छन् । त्यसैले राज्य संयन्त्रबाट दिइने सेवा, सुविधा र वस्तुको गुणस्तरका वारेमा सार्वजनिक मञ्चबाट नागरिकले उठाएका प्रश्नको उत्तर दिनु सार्वजनिक पद धारण गरेका व्यक्तिहरुको जवाफदेहिता अन्तर्गत पर्दछ। यस्तो जवाफदेहिता अधिकारमा बसेका जिम्मेवार व्यक्ति र सेवाग्राहि नागरिकका विच गरिने सार्वजनिक सुनुवाइका माध्यामबाट खोज्न सकिन्छ । यसरी संचालन गरिने सार्वजाीक सुनुवाइबाट सार्वजनिक निकायहरुलाई उनिहरुले गरेको कामको पृष्टपोषण पनि हुन्छ। सरकारी निकाय र नागरिकको विचमा रहेको अविश्वास घटेर जान्छ र सार्वजनिक निकायले अगाडि सारेका हरेक काम कारबाहिप्रति नागरिकमा अपनत्वको भावना पनि जाग्छ । त्यसैगरी राज्य संयन्त्रले गर्ने गतिविधीका वारेमा नागरिकहरुले गुण र दोषका आधारमा मुल्यांकन गर्न पाउनु पर्छ, यो लोकतान्त्रिक मुलुकका नागरिकको अधिकार हो। सर्वसाधारण नागरिक र अधिकारमा बसेका व्यक्तिहरुका बीचमा सार्वजनिक चासोको विषयमा हाकाहाकि प्रश्नेत्तर गर्ने सामुदायिक मञ्चलाई सार्वजनिक सुनुवाई भनिन्छ। यसले स्थानीय नागरिकहरुमा विकास योजना प्रति

अपनत्वको भावना विकास गर्नुका साथै पारदर्शिताको अभ्यास गर्दछ । आफ्नो कार्यालयले वर्ष भरीमा सञ्चालन गरेका गतिविधिको प्रभावकारीताका लागि अनिवार्य रुपमा आवधिक तथा वार्षिक समिक्षा तथा सार्वजनिक सुनुवाई गर्नु पर्ने राज्यले व्यवस्था गरे अनुसार स्थानिय निकाय सार्वजनिक सुनुवाइ कार्यविधि -२०६७ समेत लागु भएको छ । नेपालमा सार्वजनिक सुनुवाईको अवधारणा-२०५० साल पौष १३ गते देखि केदार खड्काले सुरुवात गरेको एकआपस टेलिभिजन कार्यक्रमबाट सुरुवात भएको मानिन्छ । पांच बर्ष सम्म नियमित संचालन भएको सो कार्यक्रमले नेपालमा सार्वजनिक सुनुवाइको अबधारणालाई नागरिकका विच लोकप्रिय बनाएको थियो । सार्वजनिक सुनुवाइले सर्वसाधारण नागरिकलाई अधिकारमा बसेका ब्यक्ति नजिक पुग्ने र आफ्ना असन्तुष्टि पोख्ने अवसर दिन्छ । त्यसैले यसलाई सर्वसाधारणको पहुँच अधिकारमा बस्नेहरु सम्म पनि भन्ने गरिन्छ ।

सार्वजनिक सुनुवाईको प्रभावकारितालाई ध्यानमा राखेर पहिलो पटक नेपाल सरकारले-२०६२ सालमा सार्वजनिक सुनुवाई सम्बन्धि निर्देशिका नै बनाएर यो संयन्त्रलाई संस्थागत गरेको पाईन्छ । सुनुवाईमा पछाडिपरेका, दलित, अल्पसंख्य, अपाङ्गता भएका सर्वसाधारण नागरिकहरुको उपस्थिती उल्लेखनीय हुनुपर्दछ । हाल सार्वजनिक सुनुवाइलाई विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुले अबलम्बन गरेर आफ्ना कार्यक्रम बनाएर सञ्चालन गरी रहेका छन् । स्थानीय सरकार संचालन ऐन २०७४ मा पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्वको लागि सार्वजनिक सुनुवाई गर्नुपर्ने प्राब्धान गरेको छ । सुशासन ऐन-२०६४ को दफा ३० मा सार्वजनिक सुनुवाई गराउनु पर्ने व्यवस्था गरी कानूनी व्यवस्था गरिएको छ । त्यसैगरी सुशासन नियमावली-२०६५ को नियम १९ ले सार्वजनिक निकायले प्रत्येक ४ महिनामा कम्तिमा एउटा सुनुवाई गर्नु पर्ने व्यवस्था गरेको छ । स्थानीय सरकार संचालन ऐन २०७४ ले समेत सबै स्थानीय तहहरुले सार्वजनि सुनुवाइ गर्नुपर्ने करालाई अंगिकार गरेको छ । पछिल्लो समयमा आएर स्थानीय तहहरुले यो संयन्त्रलाई आत्मसात गरी सार्वजनिक सुनुवाई सञ्चालन गदै आएका छन् । सोहि कुरालाई मध्यनजर गर्दै बैजनाथ गाउँपालिकाको आयोजना र बास नेपालको सहजिकरणमा बैजनाथ गाउँपालिकाको आ.व. २०८१/०८२ को बार्षिक प्रगति तथा
विकास निर्माणको गुणस्तरीयताका बिषयमा बैजनाथ गाउपालिकाको प्रांगणमा २५० बढी नगरबासीहरुको सहभागीतामा मिति २०८२ भाद्र १९ गतेका दिन सम्पन्न भएको छ ।

### ३. कार्यक्रमका उद्धेश्यहरु :

- गाउँपालिकाको बार्षिक प्रगति प्रश्तुतीकरण गरिएको छ ।
- गाउँपालिले प्रदान गर्ने सेवा र सुविधाका बारेमा गाउँपालिकाबासिहरुसँग छलफल तथा वहस गर्ने ।
- गाउँपालिकाले गरेका कामको प्रभावकारिताका बारेमा पृष्टपोषण लिने ।
- पालिकाले गरेका गतिविधिको समिक्षा गरि भावि कार्ययोजनाका लागि सुझाव संकलन गर्ने ।
- प्राप्त प्रश्न तथा सुझावको आधारमा साझा सार्वजनिक प्रतिवद्धताको घोषणा गर्ने ।

## ४. कार्यक्रम संचालनका क्रममा अवलम्बन गरिएका विधिहरु :

बैजनाथ गाउँपालिकाको विकास निर्माणको गुणस्तरीयता तथा सेवा सुविधाको प्रभावकारिता विषयक सार्वजनिक सुनुवाई गर्नु पूर्व देहाय बमोजिमका विधिहरु अवलम्बन गरिएको थियो :

***क. प्रस्तावना पेश र सम्झौता :*** कार्यक्रम संचालन गर्नुपूर्व रित पूर्वक सबै प्रक्रिया पुरा गरी नियमसँगत र प्रक्रियागत रुपमा कार्यक्रम संचालन गर्न बैजनाथ गाउँपालिकाको विनियोजित बजेट वमोजिम प्रक्रियागत रुपमा प्रस्तावना पेश गरिएको थियो । सो प्रश्तवना अनुसार मूल्यांकनको आधारमा बास नेपाललाई छनौट गरिएको थियो ।

***ख. ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन :***

कार्यक्रम गर्नु पुर्व आयोजक संस्थाका प्रतिनीधि र सहजिकरणको जिम्मा पाएको संस्था बीच स्थानीय सरकार संचालन ऐन २०७४, सुशासन ऐन २०६४ तथा नियमावली, २०६५, स्थानीय निकाय सार्वजनिक सुनुवाइ सहजिकरण कार्यविधि, २०६७, लगायतका निर्देशिका र कार्यविधिहरुको विस्तृत अध्ययन गरिएको थियो भने ऐन, नियमावली र कार्यविधिमा भएका प्रक्रियाका बारेमा आवश्यक छलफल गरिएको थियो ।

***ग. मिति, समय र स्थान निर्धारण :***

बैजनाथ गाउँपालिका र बास नेपाल बिच भएको छलफल पश्चात गाउँपालिकाको प्रांगणमा मिति २०८२ भाद्र १९ गते दिउसो १२:३० बजे देखि कार्यक्रम संचालन गर्ने समय निर्धारण गरिएको थियो ।

***घ. कार्यक्रमका लागि सूचना तथा प्रचार प्रसार र पत्राचार :***

सार्वजनिक सुनुवाई कार्यक्रम संचालन हुने विषयमा सार्वजनिक सुनुवाई कार्यक्रमको व्यापक सूचना प्रबाह र प्रचार प्रसारको लागि बैजनाथ गाउँपालिका मार्फत स्थानीय नागरिकहरु, राजनीतिक दलका प्रमुख प्रतिनिधिहरु तथा सर्वा साधारण नागरिहरुलाई पत्राचार गरिएको थियो । त्यसैगरी गाउँपालिका तथा बास नेपाल मार्फत नै सामाजिक संजालमा सबैलाई सार्वजनिक सूचना एक हप्ता अगाडी देखि गरिएको थियो । त्यसैगरी भाद्र १७ र १८ गते देखि निरन्तर सबै वडाहरुमा माइकिंग र पत्राचार गरिएको थियो । आम नागरिकहरुको व्यापक सहभागिताका लागि कार्यक्रम हुनु अगाबै सार्वजनिक सूचना प्रकाशन, निमन्त्रणा पत्र वितरण तथा पत्राचार समेत गरिएको थियो । विशेष गरि वडा कार्यालय र बास स्वयंमसेवकहरु मार्फत सबै वडाका स्थानीय नागरिकहरुलाई आमन्त्रण गरिएको थियो ।

## ५. कार्यक्रम संचालन

बैजनाथ गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रम बास नेपालको सहजिकरणमा भाद्र १९ गते सम्पन्न भएको छ ।

आर्थिक बर्ष २०८१/०८२ को अन्तिम चौमासिकमा भएका क्रियाकलापसँगै समग्र बार्षिक प्रगति प्रश्तुतीकरण गरिएको सार्वजनिक सुनुवाईमा सरोकारवाला र सहभागिहरु बिच झण्डै अढाई घण्टासम्मको दोहोरो प्रश्नोत्तर पश्चात ७ बुँदे साझा सार्वजनिक प्रतिबद्धताको घोषणा गरिएको छ ।
घोषणा गरिएका प्रतिबद्धताहरुमा जेष्ठ नागरिकहरुको स्वास्थ्य समस्यालाई मध्यनजर गर्दै घरदैलो स्वास्थ्य सेवा प्रवाह गर्ने, भूमि ऐन अन्तरगत मापदण्ड पुरा भएका भूमिहिन तथा सुकुम्बासीहरुलाई यथासक्य लालपुर्जा उपलब्ध गराउने गरी कार्य गर्ने, चादनी चौक देखि उत्तर तर्फको सडकमा रहेको कल्भर्ट निर्माण नहुदा आवतजावतमा समस्या आएकोले हिउदे अधिबेशन पश्चात कल्भर्ट निर्माणको पहल गर्ने, पालिका भित्र सञ्चालन हुने विकास निर्माणका कार्यहरु समयमा नै पुरा गर्ने गरी काम गर्ने, बैजनाथ गाउँपालिका वडा नम्बर १ मा लामो समय देखि एम्बुलेन्स सञ्चालन नआएको पाईएकाले यथासक्य एम्बुलेन्स सेवा सञ्चालन गर्ने, लक्षितबर्ग उत्थान कार्यक्रम अन्तरगत शिपमुलक तालिमहरु सञ्चालन गर्दा सार्वजनिक सुचना गरी आवेदन दर्ता गर्ने, किशानहरुको समस्यालाई ध्यानमा राखि समयमा मलखाद उपलब्ध गराउने लगायत रहेका छन् ।
यसरी गरीएका प्रतिबद्धताहरुमा गाउँपालिका अध्यक्ष प्रकाश बहादुर शाही, उपाध्यक्ष निर्मला रोकाय, प्रमुख प्रशासकिय अधिकृत धर्मराज न्यौपाने, कार्यपालिका सदस्य, वडा अध्यक्षहरु र शाखा प्रमुखहरुले हस्ताक्षर गरेका थिए ।
बास नेपालका निर्देशक हेमराज भट्टले सहजिकरण गरेको कार्यक्रममा स्वागत तथा कार्यक्रमको उद्बेश्यमाथि प्रकाश बास नेपालका केन्द्रीय महासचिब कल्पना अधिकारीले गरेका थिए । सुनुवाईको खुल्ला छलफल पूर्व बैजनाथ गाउँपालिकाको प्रगति र उपलब्धीको प्रश्तुतीकरण गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत धर्मराज न्यौपानेले गरेका थिए भने सुनुवाई पूर्व गरिएको बर्हिगमन अभिमतको नतिजा घोषणा बास नेपालका जन सम्पर्क अधिकृत माधब कुमार कार्कीले गरेका थिए । सुनुवाईमा २३५ बढीको सहभागिता रहेको थियो ।

### ६. कार्यक्रममा उठान भएका सवालहरु

सार्वजनिक सुनुवाइमा सहभागीहरुले विकास निर्माण, शिक्षा तथा स्वास्थ्य सेवा, कृषि, लक्षित वर्ग उत्थान कार्यक्रम, योजना तथा कार्यक्रमको अनुगमन लगाएतका क्षेत्रको समग्र समस्या लगायतका दर्जनौं विषयहरुमा जिज्ञाशा, गुनासो तथा प्रश्न राखेका थिए ।

### ७. प्रतिबद्धताको सार्वजनिकरण

सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएपछि सार्वजनिक सुनुवाईमा उठेका सवाल वा विषयहरु, सुनुवाईको क्रममा सोधिएका प्रश्न तथा जवाफको आधारमा सुधारको लागि ७ बुंदे साझा सार्वजनिक प्रतिबद्धताहरुको घोषणा गरिएको थियो । ७ बुँदे प्रतिवद्धताहरु प्रतिवेदनको अनुसूचीमा संलग्न गरिएकोछ ।

## ८. सार्वजनिक सुनुवामा सहभागिहरु उपस्थिती संख्या:

बैजनाथ गाउँपालिकाको आयोजना र बासको सहजिकरणमा सम्पन्न सार्वजनिक सुनुवाई कार्यक्रममा बैजनाथ गाउँपालिकाका सबै वडाबाट सेवाग्राही, सदस्यहरु, विभिन्न सञ्जालका प्रतिनिधि, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि, शिक्षक, विद्यार्थी, बुद्धिजिवी, विभिन्न संघसंस्थाका प्रतिनिधी लगायत विभिन्न विषयगत कार्यालयका सहभागिहरुको समेत सहभागिता रहेको थियो ।

**सुनुवाईका सहभागितहरु :**

| महिला | पुरुष | जम्मा | मधेषि | मुस्लिम | जनजाति | दलित | अन्य |
|---|---|---|---|---|---|---|---|
| १०० | १४१ | २४१ | १२ | १ | ९५ | २१ | ११२ |

## ९. सुनुवाईका जवाफदेहि वक्ताहरु :

**सार्वजनिक सुनुवाई कार्यक्रममा तपसिल अनुसारका जबाफदेहि बक्ताहरुको अर्थपूर्ण सहभागिता रहेको थियो ।**

| *क्र.स.* | *नाम* | *पद* | *निकाय* |
|---|---|---|---|
| १. | प्रकाश बहादुर शाही | अध्यक्ष | बैजनाथ गाउँपालिका |
| २. | निर्मला रोकाय | उपाध्यक्ष | बैजनाथ गाउँपालिका |
| ३. | धर्मलाल न्यौपाने | प्रमुख प्रशासकीय अधिकृत | बैजनाथ गाउँपालिका |
| ४. | वडा अध्यक्षहरु | वडा अध्यक्ष | बैजनाथ गाउँपालिका |
| ५. | कार्यपालिका सदस्यहरु | कार्यपालिका सदस्यहरु | बैजनाथ गाउँपालिका |
| ६. | शाखा प्रमुखहरु | बैजनाथ गाउँपालिका | बैजनाथ गाउँपालिका |

## १०. सवल पक्षहरु

प्रभावकारी सेवा, सुविधा तथा गुणस्तरीय विकास कार्यक्रम, विकास निर्माण बारे खुला छलफल गरी नागरिकका गुनासा तथा रचनात्मक सुझाव संकलनका लागि बैजनाथ गाउँपालिकाको आयोजना तथा बासको सहजिकरणमा सञ्चालन भएको सार्वजनिक सुनुवाई एक सफल कार्यक्रमको रुपमा स्थापित भएको छ । यो कार्यक्रम सञ्चालनको क्रममा पाइएका केहि सवल पक्षहरु देहाय बमोजिम रहेका छन् ।

१. सार्वजनिक सुनुवाई कार्यक्रम सुशासन ऐन, नियमावली तथा स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यबिधि-२०६७ अनुसार सम्पन्न भएको छ ।

२. सार्वजनिक सुनुवाई कार्यक्रममा बैजनाथ गाउँपालिकाको सेवा प्रवाहको अवस्था, मूख्य-मूख्य उपलव्धिहरु, नयाँ कार्यहरु र आगामी योजना बारे जानकारी गराउने काम भएको छ ।

३. सहभागिहरुले गुनासा, जिज्ञासा, सुझाब स्वस्फूर्त रुपमा धक फुकाएर अभिव्यक्त गरेका छन् ।

४. कार्यक्रमको सुरुवातमा सार्वजनिक सुनुवाइका आचारसंहिता प्रस्तुत सहित अनुमोदन गरी कार्यक्रम संचालन गरिएको थियो ।

५. सहभागिहरुबाट उठान गरिएका सवालहरु तथा सुझाबहरुको जबाफदेहि बक्ताहरुबाट चित्त बुझ्दो जबाफ खोज्ने काम भएको थियो भने सहजकर्ताबाट थप प्रष्ट पार्नका लागि प्रभावकारी रुपमा सहजिकरण गर्ने काम भएको थियो ।

६. कार्यक्रमको अन्तमा छलफल भएका विषय वस्तुहरुलाई संक्षेपीकृत गरी ७ बुँदे प्रतिवद्धता तयार र सार्वजनिकीकरण गरी जबाफदेहि बक्ताहरुलाइ हस्ताक्षर गराईएको थियो ।

७. सार्वजनिक सुनुवाई कार्यक्रमको प्रचार प्रसारका लागि सार्वजनिक सूचना, पत्राचार, निमन्त्रणा वितरण गरिएको थियो ।

८. सुनुवाईमा बैजनाथ गाउँपालिकाको कार्यालयका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु, शाखा प्रमुखहरुको उपस्थित हुनुले सुनुवाई प्रभावकारी भएको थियो ।

९. सुनुवाईमा अल्प संख्य, सिमान्तकृत, तथा पछाडि परेका वर्गहरुको अर्थपुर्ण सहभागिता रहेको थियो ।

१०. कार्यक्रममा पालिकाको पहिलो चौमासिकको प्रगति समिक्षा तथा आगामी योजना प्रश्तुत गरिएको थियो ।

## ११. सुधारका लागि सुझाब

१. कार्यक्रम निकै प्रभावकारी भएको भएपनि थप प्रभावकारि बनाउनका लागी सम्पन्न सार्वजनिक सुनुवाईमा गरिएका प्रतिबद्धताहरु कार्यान्वयनमा ध्यान दिनु पर्ने देखिन्छ ।

२. सुनुवाई निर्देशिकाले भने अनुसार चौमासिक रुपमा सम्पन्न गर्न जरुरी छ ।

३. सुनुवाईमा सबैले समय व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ ।

## १२. कार्यक्रमका उपलव्धिहरु :

- गाउँपालिकाको प्रगतिबारे खुल्ला छलफल गर्ने काम भएको छ ।
- गाउँपालिकाले प्रदान गर्ने सेवा र सुबिधा तथा गुणस्तरका बिषयमा २५० बढी स्थानीयहरुको सहभागितामा छलफल तथा बहस गर्ने काम भएको छ ।
- गाउँपालिकाले प्रदान गर्ने कार्यको प्रभाबकारिताका बारेमा पृष्ठपोषण लिने काम भएको छ ।
- गाउँपालिकाले गरेका कार्यहरुको समिक्षा गरि भावि कार्ययोजनाका लागि सुझाब संकलन गर्ने काम भएको छ ।
- सुनुवाईमा उठेका सवालको आधारमा ७बुदें साझा सार्वजनिक प्रतिवद्धताको घोषणा गरिएको छ ।

**कार्यक्रमका केही तस्विरहरु :**














***अनुसूची १***

***सार्वजनिक सुनुवाइमा जारी गरिएका सहभागि तथा जबाफदेहिबक्ताले पालना गर्नुपर्ने आचारसंहिता :***

१. सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।

२. सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ ।

३. सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम र ठेगाना सहित प्रश्न, जिज्ञासा वा सुझाब के हो राख्नुपर्नेछ ।

४. सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदांगत रुपमा छोटकरीमा प्रश्न प्रतिक्रिया राख्नु पर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बिते पछि तत्काल प्रस्तुती रोक्नुपर्नेछ

५. आफू भन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुने छैन ।

६. चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाईनेछ ।

७. सहभागीले बिना आधार कसै प्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाईने छैन ।

८. सुनुवाईका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाई राख्न वा बोल्न पाईने छैन ।

९. सुनुवाईलाई बिथोल्ने प्रयास कतैबाट भएको पाईएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधानखोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।

१०. सुनुवाईलाई विषयान्तर हुनबाट जोगाउन सबै सहभागि सचेत हुनु पर्नेछ ।

अनुसुची ४ : **सुनुवाइका प्रतिबद्धताहरु**

संलग्न गरिएको छ ।

हेमराज भट्ट

निर्देशक, बास नेपाल

**सुनुवाईमा उठेका प्रश्न तथा जवाफहरु :**

| क्र.स. | प्रश्नकर्ताको नाम र ठेगाना | संक्षिप्त प्रश्न | जवाफदेहिबक्ताको नाम | संक्षिप्त जवाफ |
|---|---|---|---|---|
| १ | अजय बैगार सुकुम्बासी टोल बैजनाथ २ बाँके | ● सीमान्तकृत समुदायका बृद्धाहरुलाई सुगरप्रेसरको निशुल्क औषधीको व्यबस्था<br>● मान्छे हेरेर गरिने ब्यबहारलाई सुधार गर्नुपर्छ । | ● स्वास्थ्य प्रमुख<br>● वडा सचिव<br>● वडा अध्यक्ष | ● जेष्ठ नागरिकहरुका लागि आगामी वर्षमा चेकजाँच कार्यक्रम र घरदैलो कार्यक्रमको आयोजना हुने छ ।<br>● सुकुम्बासी समस्यालाई समाधान गर्नका लागि वडा सहजीकरण समितिसँग छलफल भइरहेको र छुटेकाहरुलाई फम भर्ने कार्यक्रम |
| २ | कर्ण ब वली बैजनाथ ६ सम्झना | ● वडा न २ को सुकुम्बासीले बास्तबमा पाउछन कि पाउदैनन सुचना गरेर कर्मचारीलाई काम गर्न किन दिइएन ?<br>● प्रत्येक वडामा एउटा पशुट्रेज हुनुपर्छ ।<br>● कृषि सामाग्री वितरण गर्दा दिनभर किन लाइनमा बस्नुपर्छ ?<br>● ८ जना कर्मचारीलाई किन अबकास दिइयो ? | ● गाँउपालिका अध्यक्ष | ● पशु टेज २०८/२८३ मा योजना छ ।<br>● प्रकृया पुगेको वडाहरुमा तत्काल लालपुर्जा बितरण गर्ने छौ र यो अन्तिम आयोग हो ३ वर्ष सम्मका लागि र मापदण्ड पुगेका सबैले पाउनेछन ।<br>● कर्मचारीहरुलाई हटाउनका कारण २ जनाको कोटामा १ जना मात्र राख्ने बजेट आएकोले कर्मचारी कटौती गर्नुपरेको हो । |
| ३ | कपिल जंग शाह बैजनाथ १ गाभर | ● भुमिकर सम्बन्धमा कर निर्धारण बारे के भइ रहेको छ ? किन कर हरेक बर्ष बढिरहेको छ ?<br>● मृगौला पीडित र क्यान्सर पीडितको सम्पुर्ण प्रकृया पुरा भएपनि किन सेवा पाइएन ?<br>● अपाङ्गता | ● धर्मराज न्यौपाने प्रशासकिय प्रमुख<br>● गाँउपालिका अध्यक्ष<br>● स्वास्थ्य शाखा प्रमुख | ● भुमिकरबारे संशोधन भइसकेको छ सुधार हन्छ ।<br>● यही आयोगले काम गर्ने भएकाले मापदन्ड गुगेका सबैले पाउनुहुन्छ ।<br>● पुरानो बिरामीको काम अझै पुरा नभएकोले नँयालाई हुन सकेको छैन ।<br>● नँयाको ७८ जनाको बाकी छ त्यो पनि पालैपालो हुन्छ त्यसमा पनि बजेटको अभावले पनि दिन सकिएको छैन र आएको बजेटबाट बितरण गर्ने छौ । |
| ४ | राजु सुनार भुपु सैनिक बैजनाथ ६ सम्झना | ● चाँदनी चोक देखि उत्तरको बाटो सुधार हुने प्रतिबद्धता के भयो ? | ● डोटी नेपाली योजना प्रमुख | ● बाटो कल्भर्ट बजेट अनुसार काम भएर सम्पन्न भएको हो अझ यसलाई एकपटक के भएको छ भनि हेर्न् छौ र यस्तो समस्या भएमा वडा अध्यक्षसम्म ल्याउनुपर्दछ |
| ५ | मुक्ति प्रसाद थारु बैजनाथ ७ | ● कृषिमल बितरण चाहिएको समयमा किन | ● गाँउपालिका प्रमुख | ● २०/२२ लाख मात्र बजेट आएपनि स्थानिय सरकारले |

| | | | | |
|---|---|---|---|---|
| | पेडारी | बितरण हुँदैन ?<br>● बासनेपालले सार्वजनिक सुनुवाईमा सहभागी भएका सहभागीताहरुलाई किन स्टेशनरी दिएन ? | | विभिन्न ठाँउबाट बजेट जोडेर कृर्षिकाममा भइरहेको<br>● छ । अरु ठाँउमा भन्दा बैजनाथमा बढि मल आएको छ<br>● सार्वजनिक सुनुवाईमा स्टेशनरि वितरण गर्न सकिदैन । |
| ६ | नन्दबिर शाही बैजनाथ १ चिसापानी | ● १ नम्बरको एम्बुलेन्स ११ बर्ष भैसक्यो अझै सम्म वडाले सेवालिनु भन्दापनि हेर्न सम्म पाएको छैन किन ?<br>● चिसापानी स्वास्थ्य सँस्थामा सेवाग्राहरुलाई कर्मचारीले दुर्व्यबहार किन गरे ?<br>● १२ मिटर बाटोमा ३ मिटर बाटो पिच हुने र पिचमा नालीको माटो फालिएको छ किन ?<br>● बिकास निमार्णको कामको अनुगमन किन हुदैन ? | ● श्यामवीर शाही स्वास्थ्य प्रमुख<br>● वडा अध्यक्ष<br>● प्रशासकिय प्रमुख<br>● गाँउपालिका उपाध्यक्ष | ● एम्बुलेन्स बिग्रिएपछि बनाएर पालिकामा ल्याएको छ डाइभरसँग सर्म्पक नहुँदा नभएको हो फेरी छलफल गरेर संचालनमा आउने छ ।<br>● पिच बाटोमा नालीको माटो फालिएको छ यो तुरुन्तै सफा हुन्छ ।<br>● दुर्व्यबहार गरेको कर्मचारीलाई तत्काल कारबाहि हुन्छ ।<br>● पुरानो योजनाका कामलाई पनि पुन सम्परुन्न गर्ने र काम नगर्ने ठेकेदारलाई कारबाहि गर्ने पनि भएको छ ,कार्यकम आर्थिक वर्षको अन्त्यमा भएपनि प्रकृया भने पहिले नै भएको हन्छ काम हुँदै गर्दा अन्तिममा भएको हो । |
| ७ | मन्दिरा रिमाल बैजनाथ ६ २८ घर | ● स्वास्थ्य विमा गर्ने स्वास्थ्य स्वयमसेबकलाई १७५० पाइन्थ्यो अहिले किन हटाइयो ?<br>● एकल महिलाहरुका लागि भत्ताकार्ड रिन्यु गर्दा ५०० लिनुहुन्छ तर रसिद १०० को दिने गर्छ | ● श्याम शाही स्वास्थ्य प्रमुख | ● ३ लाख बजेट छुट्याइसकेको छ २०८/२८३ मा ४१३३ हुन्छ ।<br>● कर्मचारीले १०० को नै रसिद दिएको भए कारबाहि हुन्छ । |
| ८ | बिमला परियार बैजनाथ ६ | ● घर डुबान भएर पालिकामा कुरा राख्दापनि अध्यक्षले वास्ता गर्नुभएन । | ● धमेन्द्र आचार्य प्राविधिक | ● समुदायको समन्वय नभएको कारण समस्या आएको छ । समाज मिलेर नाली दुईतिरबाट स्लोब ल्यनएरै पुरानै ठाँउबाट पानी बग्न दिनुपर्छ । |
| ९ | मंगल सिंह बैजनाथ ३ | ● डिगिया जाने बाटो भौडी खाडा ३ नम्बरको बाटो किन बन्द भयो ?<br>● उत्तरदेखि डिगिया जानेबाटो किन बन्द भया? | ● वडा अध्यक्ष | ● ७ लाख बजेट छुट्टाएपनि समुदायले नै नमानेपछि बाटो हुन सकेन र सहमति भएमा अब पनि त्यो बाटो बनाउन प्रतिबद्धता गर्दछौ । |
| १० | राजकुमार सुनार बैजनाथ ८ | ● हरेक आर्थिक वर्षको बजेट रातो बुकमा आएपनि सबैको पक्षमा नभएकोले हरेक वडाको | ● गाँउपालिका अध्यक्ष | ● हामी हरेक सेवाग्रहीले माग अनुसार रातो किताब उपलब्भ गराउने छौ । |

| | | | | |
|---|---|---|---|---|
| | | ● कृषि उत्पादन हुने नर भएको ठाँउमा जग्गा पलटिङ्ग किन भयो ?<br>● बैजनाथ ६ र ८ जोड्ने दोन्द्रन नालाको बारेमा | | |
| ११ | सबिता बस्नेत | ● सीपमुलक तालिम आउछ कि आउदैन ? आयो भने कहाँ आउछ ? पालिका कि वडा | ● महिला तथा बालबालिका शाखा<br>● गाँउपालिका अध्यक्ष | ● लक्षित बर्गलाई आएको हुन्छ तर छुट्टै भएको छैन ।<br>● २४ लाख बजेट छ हरेक वडाबाट महिलाहरुको लागि विभिन्न तालिम हुन्छ । |
| १२ | मन ब बस्नेत | ● हरेक घरबाट २००/३००/४०० उठाएर छाडा चौपायालाई ब्यबस्थापनका लागि कान्जी हाउस बनाइयो तर भत्काउन लगाइयो खेती जोगाउने छाडा गाईबस्तु ब्यबस्थापनको लागि के गर्ने ? | | ● गौशाला ब्यबस्था गर्ने छौ । वडाहरुलाई समन्वय गरेर |